# नेपाल राष्ट्र बैंक

## Extended Credit Facility (ECF) को Structural Benchmark अनुसार भएको Extensive Assets Quality Review (Loan Portfolio Review) का सम्बन्धमा

यस बैंकको चौथो रणनीतिक योजना २०२२-२०२६, अन्तर्राष्ट्रिय मुद्रा कोषबाट Extended Credit Facility प्राप्त गर्दा तय गरिएको Structural Benchmark र बैंक सुपरिवेक्षण विभागको आ.व.२०८२/८३ को स्वीकृत वार्षिक कार्ययोजना अनुरुप स्वतन्त्र पक्षबाट वाणिज्य बैंकहरूको कर्जा लगानीको गुणात्मक तथा परिमाणात्मक पक्षको मूल्याङ्कनका लागि Extensive Assets Quality Review (Loan Portfolio Review) गर्न यस बैंक र परामर्शदाता Howladar Yunus & Co., Chartered Accountants, Dhaka, Bangladesh बीच तारिख २०२५ अगष्ट २८ मा करार-सम्झौता भई कुल कर्जाका आधारमा देहायका १० ठूला बैंकहरूको Loan Portfolio Review सम्बन्धी कार्य सम्पन्न भएको छ । परामर्शदाताबाट प्रत्येक बैंकको छुट्टा छुट्टै र एकीकृत प्रतिवेदन प्राप्त भई प्रतिवेदनमा उल्लिखित सुझावहरू कार्यान्वयनमा लैजाने निर्णय गरिएको छ ।

| क्र.स | बैंकको नाम |
|---|---|
| १ | ग्लोबल आइएमई बैंक लिमिटेड |
| २ | नबिल बैंक लिमिटेड |
| ३ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड |
| ४ | कुमारी बैंक लिमिटेड |
| ५ | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड |
| ६ | लक्ष्मी सनराइज बैंक लिमिटेड |
| ७ | हिमालयन बैंक लिमिटेड |
| ८ | एनआइसी एशिया बैंक लिमिटेड |
| ९ | एनएमबि बैंक लिमिटेड |
| १० | प्रभु बैंक लिमिटेड |

परामर्शदाताबाट प्राप्त निष्कर्षअनुसार २०८१ चैत मसान्तको वित्तीय विवरणको आधारमा Loan Portfolio Review को लागि छनौट भएका १० ठूला वाणिज्य बैंकहरूको औसत निष्क्रिय कर्जा अनुपात ७.६ प्रतिशत र औसत पुँजी पर्याप्तता अनुपात ११.३० प्रतिशत कायम हुन आएको छ ।

प्राप्त प्रतिवेदनमा औंल्याइएका नीतिगत सुधार सम्बन्धी सुझावहरू क्रमशः कार्यान्वयन गरी बैंक तथा वित्तीय संस्थाहरूलाई थप सवलीकरण गर्दै लैजाने, पहिचान भएका जोखिम न्यूनीकरण गर्दै वित्तीय स्थायित्व कायम गर्न आवश्यक कार्यहरू अगाडि बढाइने छ ।

**मिति २०८३ जेठ ४ गते ।**